कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र पूर्वाधार: गन्यापधुरा समृद्धिको मूल आधार

## गन्यापधुरा गाउँपालिका

## गणेशपुर, डडेल्धुरा

# वार्षिक नीति तथा कार्यक्रम

आ. व. २०७७/ ०७८

२०७७ साल असार १० गते

www.ganyapadhuramun.gov.np

गन्यापधुरा गाउँपालिकाका उपाध्यक्ष श्री कमला देवी ठगुन्नाले

प्रस्तुत गर्नुभएको

# आ..व. २०७७/०७८ को

# वार्षिक नीति तथा कार्यक्रम

गन्यापधुरा गाउँपालिका, डडेल्धुरा

असार १०, २०७७

आदरणीय सभाध्यक्ष महोदय,

गाउँसभाका सदस्यज्युहरु, उपस्थित सम्पूर्ण अतिथिहरु, कार्यालयका सम्पूर्ण कर्मचारीहरु,

नेपालको संविधान बमोजिम स्थानीय सरकारको रुपमा गठन भएको यस गन्यापधुरा गाउँपालिकाको आ. व. २०७७/०७८ का लागि चौथो वार्षिक नीति तथा कार्यक्रम गरिमामय नवौं गाउँसभामा पेश गर्ने सुवर्ण अवसर पाउँदा मलाई निकै खुसी लागेको छ । आज हामी स्थानीय सरकारको अभ्यास गरिरहँदा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको लागि आफ्नो ज्यानको आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति श्रद्धा सुमन व्यक्त गर्न चाहन्छौं । सीमित साधनबाट पनि असीमित आकांक्षाको परिपुर्ति गर्नुपर्ने यस गाउँपालिकाको जुन बाध्यता रहेको छ यो हाम्रो लागि अवसर तथा चुनौती दुवै हो । हामीले सीमित स्रोत साधनको सुझबुझका साथ कुशल उपयोग गर्न मितव्ययी, प्रभावकारी र औचित्यको आधारमा आत्मालाई साक्षी राखेर जनताको सर्वोत्तम हित र भलाईको लागि प्रयोग गर्न सक्यौं भने उपलब्धी हामीबाट धेरै टाढा छैन । गाउँपालिकावासी नागरिकहरुले असिम आशा र आकांक्षाका साथ निर्वाचित गरेका यस गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिले अहोरात्र खटिई जनताको पक्षमा काम गर्नु पर्ने बाध्यता रहेको छ । गाउँपालिकावासी जनताले गरेको आशा भरोशामा कमी आउन नदिइ विगतमा भएका सकारात्मक प्रयासलाई निरन्तरता दिनु पर्ने तथा थप उर्जा र ईमान्दारिताका साथ काम गर्नु पर्ने हाम्रो आजको जिम्मेवारी हुन आएको छ ।

**आदरणीय अध्यक्ष महोदय,**

१. गाउँपालिकाको निर्वाचन सम्पन्न भइ जनप्रतिनिधि आउँदा जुन किसिमको अन्योलता थियो त्यो उल्लेख्य मात्रामा हटेर गएको अवस्था छ । निर्वाचित जनप्रतिनिधि आउनु अघि कुनै नियमावली, कार्यविधि, मापदण्ड, ऐन नभएको अवस्था विदितै छ तर वर्तमान अवस्थामा आइपुग्दा गाउँसभा र गाउँकार्यपालिकाबाट ३६ वटा कानुन निर्माण भइ कार्यान्वयनमा आउँदा हरेक कार्यलाई सहज र सुलभ तरिकाले सम्पन्न गराइ संविधानको मर्म अनुरुप विधिवत कानुनको शासन स्थापनाको मार्गमा गाउँपालिका अग्रसर रहेको छ ।

२. यस गाउँपालिकाले निर्वाचित जनप्रतिनिधिहरु पाए पश्चात भौतिक तथा पूर्वाधार विकासमा उल्लेख्य प्रगति गरेको छ, जसअनुरुप प्रत्येक गाउँ बस्तीमा सडक, विद्युत तथा खानेपानी पुगेको अवस्था छ ।

३. गाउँपालिकाद्वारा कृषि विकासको क्षेत्रमा गरेको प्रयासलाई सराहनीय मान्न सकिन्छ, कृषि क्षेत्रमा आवद्ध कृषकहरुका लागि विभिन्न किसिमका तालिम तथा सचेतना र अन्तरक्रिया कार्यक्रम, निःशुल्क एवम् अनुदानमा उन्नत जातको आलुको विउ, तरकारी, च्याउ तथा फलफुलको विउ विरुवा वितरण, सहुलियत दरमा आधुनिक कृषि औजारको वितरण, पशु नश्ल सुधार कार्यक्रम, भकारो एवम् गोठ सुधार जस्ता कार्यक्रम संचालन भएकाले कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण तर्फ अगाडि बढेको छ ।

४. यस गाउँपालिकाद्वारा जनताको स्वास्थ्यसँग सम्बन्धित कुरालाई उच्च प्राथमिकताका साथ राखेको छ, यस कार्यका लागि भएका स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधार सुधार मार्फत सुविधा सम्पन्न बनाइएको छ भने ती स्थानहरुमा दक्ष स्वास्थ्यकर्मीको पनि उपलब्धता रहेको छ, त्यसै गरी हरेक गाउँ गाउँमा स्वास्थ्य सविधा पुर्याउनका लागि ११ वटा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिएको छ, त्यस्तै पर्याप्त मात्रामा औषधीको व्यवस्था हुनुका साथै आवश्यक ल्यावहरुको पनि स्थापना गरिएको छ, स्वाथ्य शिविर सञ्चालन मार्फत पनि स्वास्थ्य सेवा यस गाउँपालिकाले उपलब्ध गराउँदै आएको छ ।

नवल बहादुर मल्ल
अध्यक्ष

५. सदियौं देखि खानेपानीको समस्याबाट बञ्चित भएका कापडीगाउँ, धामीगाउँ, कठायत गाउँ, गौलीगाउँ तथा गणेशपुर सबसेन्टरमा व्यवस्थित खानेपानी योजनाको थालनी गरी आ.व. ०७७/७८ भित्र सम्पन्न गरिने लक्ष्य राखिएको छ ।

६. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस रोकथाम, नियन्त्रण र सचेतनामा यस गाउँपालिकाले आफ्नो सम्पूर्ण श्रोत साधनको मितव्ययी तवरले उपयोग गरी उचित व्यवस्थापनमा महत्वपूर्ण भुमिका निर्वाह गरी स्थानीय सरकारको औचित्यतालाई पुष्टी गरेको छ ।

७. गाउँपालिकाको प्रशासनिक भवन हाल भाडाको भवनमा सञ्चालन भइरहेको र भविष्यमा आफ्नै भवन निर्माण गर्नका लागि १२ रोपनी जग्गा समेत खरिद भइसकेको र उक्त स्थानमा प्रशासनिक भवन निर्माणका लागि संघीय सरकारको प्रशासनिक भवन पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत प्रयास भइरहेको छ ।

८. गाउँपालिकामा सुशासन सदारचारिता अभिवृद्धि गर्नका लागि गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता पारित गरी जारी गरिएको, जनप्रतिनिधि र कर्मचारीको तर्फबाट ३१ बुँदे प्रतिबद्धता जाहेर गरी सार्वजनिक गरिएको, गाउँपालिकाका प्रवक्ता तोकिएको, त्यस्तै काममा सहज होस् भन्नका लागि सुचना अधिकारीको व्यवस्था, आवश्यक कर्मचारीको व्यवस्था, सुझाव पेटिकाको व्यवस्था, नागरिक वडापत्रको व्यवस्था, सार्वजनिक सुनुवाइ चौमासिक रुपमा हुने गरेको, गाउँपालिकाको आफ्नै वेभसाइट, मोबाइल एप र फेसबुक मार्फत काम कारवाही सार्वजनिक गर्ने प्रणालीको विकास भएको छ । बैंकिङ सुविधा प्रदान गर्नका लागि यस गाउँपालिकाको गणेशपुरमा नेपाल एस. वि. आइ. बैंकको स्थापना भई दैनिक बैंकिङ सेवा तथा कारोवार गर्न यहाँका जनतालाई सहज भएको छ ।

९. गाउँपालिकाले विगत वर्षहरुमा वार्षिक रुपमा सरदर १५/२० लाख आन्तरिक आय गरेको अवस्थामा आज आएर त्यो सरदर वार्षिक ५५/६० लाखमा वृद्धि भएकाले पालिकाको आफ्नो आन्तरिक आयमा सुधार भएको मान्न सकिन्छ ।

१०.गाउँपालिका र जनताको सम्बन्धमा सुधार आएको छ, जनताले गाउँमै सिंहदरवारको अनुभुति गर्न पाएका छन्, आफ्ना गुनासाहरु जनप्रतिनिधिसँग राख्न सक्ने भएका छन् र त्यस्ता गुनासा तथा समस्याको सुनुवाइ पनि तत्काल हुने गरेको छ, यस कार्यलाई अझै प्रभावकारी बनाउनका लागि **सबैका मनमा मेरो गाउँपालिका** भन्ने बोध हुन आवश्यक छ ।

११. शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी कम भएका विद्यालयहरुमा ३६ जना स्वयंसेवक शिक्षकहरु भर्ना गरी विद्यालयको पठनपाठनमा नियमितता दिई शिक्षा गुणस्तरमा उल्लेखनीय सुधार आएको छ ।

११. आ.व. ०७६/७७ मा शिखर मन्दिरमा छाना तथा पदमार्ग निर्माण, गणेशपुरको खुलामञ्चमा आकर्षक प्यारापेट निर्माण, वडा नं. ५ रेलमा स्वास्थ्य चौकी तथा बर्थिङ सेन्टर निर्माण, ४ वटा विद्यालयहरुमा २ कोठे भवन निर्माण, शौचालयहरु निर्माण कृषि उद्यम विकास तथा स्वरोजगार रणनीति योजना निर्माण, कोरालखोला तटबन्धको डिपिआर निर्माण जस्ता उल्लेखनीय कार्यहरु सम्पन्न भएका छन ।

नवल बहादुर मल्ल
अध्यक्ष

**सभाध्यक्ष महोदय,**

अव म यस गन्यापधुरा गाउँपालिकाले आ. व. २०७७/०७८ मा अवलम्बन गर्ने चौथो वार्षिक नीति तथा कार्यक्रमलाई गाउँसभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क) पूर्वाधार विकास सम्बन्धी नीति**

१. आठौ गाउँसभाबाट नामकरण गरिएका गाउँपालिका भित्र रहेका ४९ वटा सडकहरु १२ महिनै निर्वाध रुपमा सञ्चालन हुने गरी स्तरोन्नती गरिनेछ । विभिन्न क्षेत्रमा आवश्यक पर्ने सडक पुल निर्माणको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ । झोलुङ्गे पुल निर्माणको कार्यलाई यसै आ.व.मा सम्पन्न गरिनेछ ।

२. विपन्न लोपोन्मुख, सीमान्तकृत तथा विपद् जोखिममा रहेका वर्गको लागि सुरक्षित आवास सुनिश्चित गर्न विस्तृत योजना प्रतिवेदन तयार गरी एकीकृत आवास निर्माणमा जोड दिईनेछ ।

३. इच्छुक युवा तथा हाल कार्यरत सिकर्मी, डकर्मीहरूको पेसागत क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी अभिलेख सूचीकृत र व्यवस्थापन गरिनेछ । आगामी दिनमा गाउँपालिका भित्रका सम्पूर्ण पूर्वाधार निर्माण लगायतका काममा सूचीकृत र तालिम प्राप्त दक्ष कामदारको सहभागिता अनिवार्य गरिने छ ।

४. घर नक्सा स्वीकृत गर्ने प्रक्रिया क्रमशः Paperless System मा लगिने छ । नयाँ घर निर्माणको हकमा National Building Code (NBC) का मापदण्डहरु लागु गरिनेछ ।

५. विपद् जोखिम न्यूनीकरणका लागि प्रत्येक बस्तीमा सुरक्षित खुला स्थानका लागि आवश्यक पर्ने खाली जग्गा पहिचान गरिनेछ । साथै कोरोना जस्ता महामारीबाट पर्न सक्ने विपदको व्यवस्थापनको लागि साविकका गाविसका प्रत्येक वडामा कम्तिमा एउटा सामुदायिक भवन निर्माण गर्न विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरी कार्यक्रम अगाडि बढाईनेछ ।

६. न्यून लागतमा आधारित आवास (Low cost Housing Model) तयार गरी एकीकृत बसोबास प्रवर्द्धन गरिनेछ ।

७. गाउँपालिकाका मुख्य चोक र संवेदनशील क्षेत्रमा सौर्य बत्ती जडान गरिनेछ । भिमदत्त राजमार्ग र डा. के.आई. सिंह राजमार्ग अन्तर्गत पर्ने मुख्य बजार क्षेत्रहरुमा व्यवस्थित शौचालय र खानेपानीको व्यवस्थापन गरिनेछ ।

८. पूर्वाधार विकास निर्माणसँग सम्बन्धित सम्पूर्ण सार्वजनिक खरीद प्रक्रिया विद्युतीय खरीद प्रणाली (E-Bidding) मार्फत मात्र खरिद गरिनेछ ।

**ख) आर्थिक विकास तथा भूमि व्यवस्था सम्बन्धी नीति**

९. **विकास र समृद्धी, कृषि क्षेत्रमा लगानी बृद्धि** भन्ने मुल नाराका साथ आधुनिक र व्यवसायिक कृषिमा लगानी वृद्धि गर्दै कृषि क्रान्ति मार्फत जनताको आयस्तर वृद्धि गरी हाल कोभिड १९ का कारण ठुलो संख्यामा भारत लगायत अन्य स्थानबाट भित्रिएका युवाहरुलाई आस र भरोसाका साथ कृषि क्षेत्रमा संलग्न हुने वातावरण मिलाई गरिबी र बेरोजगारीको अन्त्य गर्दै आफ्नै गाउँमा काम गर्ने वातावरण तयार गरिनेछ ।

१०. सम्भाव्यताका आधारमा बाली र पशुपालन विशेष पकेट क्षेत्र निर्धारण गरी ***एक गाउँ, एक उत्पादन*** कार्यक्रमलाई व्यवसायीकरण गर्दै सामुदायिक तथा निजी वनमा एकवर्षे तथा बहुवर्षे घाँसका बिउ, बेर्ना र डाले घाँस रोपण गरी घाँसमा आधारित पशुपालनमा जोड दिइनेछ ।



नवल बहादुर मल्ल
अध्यक्ष

११. कृषिक्षेत्रमा उत्पादन बढाउन खेती योग्य जमिनको माटो परीक्षणमा सहुलियत दिने, सहकारी मार्फत सबै वडामा मलखाद तथा बिउ सजिलै उपलब्ध गराउने र प्राङ्गारिक मल तयार गर्न प्रविधिको तालिम दिई अर्गानिक खेती उन्मुख गाउँपालिकाको रूपमा विकास गरिनेछ।

१२. पशु स्वास्थ्य सेवामा विस्तार, नश्ल सुधार, पशु आहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि पशुपालन क्षेत्रको रूपमा विकास गरी माछा, मासु, दुध, फुलमा आत्मनिर्भर बन्न प्रोत्साहन गरिनेछ।

१३. कृषिमा आत्मनिर्भर बनाउन मौसमी तथा बेमौसमी तरकारी उत्पादन, नमुना बगैंचा निर्माणमा जोड दिई साना तथा सहकारी सिंचाई र प्लाष्टिक पोखरी निर्माणमा जोड दिईनेछ।

१४. प्रत्येक वडामा पशुपंक्षीका लागि खोप तथा पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

१५. गाउँपालिका अन्तर्गतका हैसियत बिग्रेका वन क्षेत्र, नदी किनार वा सार्वजनिक क्षेत्र बाँझो राख्ने प्रवृत्तिलाई निरूत्साहित गरी चक्लाबन्दी खेतीमा जोड दिइनेछ।

१६. प्रत्येक सम्भावित वडाहरुमा आलुका पोकेट क्षेत्रहरु विकास गर्न संघीय सरकारको आलुको सुपर जोन र भटमास खेतीलाई प्रवर्द्धन गर्न भटमास जोन कार्यालयसँग समन्वय गरी कार्यक्रम ल्याईनेछ।

१७. यस गाउँपालिकामा पुन:स्थापना हुन छुट भएका मुक्त हलियाहरुको पहिचान गरी तिनिहरुको लगत संकलन गरी पुन: स्थापनाको लागि पहल गरिनेछ। साथै भुमिहीन सुकुम्वासी, अव्यवस्थित वसोवासी, मोहियानीहरुको वास्तविक पहिचान गरी तिनीहरुको व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ।

१८. गाउँपालिकाभित्रका स्थानीय बजारहरूको नियमित अनुगमन तथा नियमन गरी बजार व्यवस्थापन गरिनेछ।

१९. बजार क्षेत्रलाई अझै व्यवस्थित गर्न कर शिक्षा, व्यावसायिक शिक्षा तथा औद्योगिक शिक्षाको प्रबन्ध गरिनुका साथै नवउद्यमीहरूलाई प्रवर्द्धन तथा उत्प्रेरित गर्न कर छुट सहितको औद्योगिक ग्राम कार्यान्वनमा ल्याइनेछ।

२०. व्यावसायिक कृषि तथा पशुपालन फार्महरुलाई प्रोत्साहित गर्न उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिने छ।

२१. नागरिक समाज, उद्योग वाणिज्य संघ, प्रहरी, प्रशासन, बुद्धिजीवी, समाजसेवी लगायतको सहयोगमा मदिरा बिक्री वितरण पूर्णरुपमा निषेधित गर्ने नीति अवलम्वन गरिनेछ। हालसम्म विधिवत रुपमा अनुमति लिएर मदिराको कारोवार गर्ने व्यवसायीहरुलाई अन्य व्यवसाय गर्न प्रोत्साहित गरिनेछ।

२२. बाढी, पहिरो लगायतका विपदबाट क्षति भएका बिमा गरिएका व्यावसायिक पशुपन्छी, गोठ, खोर र कृषि बालीमा क्षतिपूर्ति सहित अनुदानको व्यवस्था मिलाइने छ।

२३. बजारक्षेत्र स्वच्छ तथा सफा राख्न फोहर फाल्ने कन्टेनरको व्यवस्था गरिनुका साथै बजार क्षेत्रलाई हराभरा बनाउन बृक्षारोपण गर्ने व्यवस्था मिलाइने छ।

२४. गाउँपालिका भित्र बाँझो जग्गा तथा हैसियत बिग्रेको जग्गामा खेती गर्ने कृषकहरुलाई क्षेत्रफलको आधारमा प्रोत्साहनका कार्यक्रम गरिनुका साथै बाली बीमा र पशु बीमा सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

२५. कोरोना महामारीको कारण वैदेशिक रोजगारमा गएका युवाशक्तिले गाउँमा रहेको अवस्थालाई अवसरको रुपमा लिई युवाहरुलाई कृषि कार्य तर्फ उत्प्रेरित गर्न कृषिलाई प्राथमिकतामा राखी बाँझो लगायतको जग्गामा तरकारी, खाद्य, तेलहन, दलहन, फलफुल आदि जहाँ जे उत्पादन हुन्छ, (धान, गहुँ, कोदो, मकै, आलु, भटमास, सिमी, फलफुल आदि) त्यसको उत्पादन बढाउनका लागि **"कृषि उत्पादन बढाऔं, खाद्यान्नमा आत्मनिर्भर बनौं"** कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

नवल बहादुर मल्ल
अध्यक्ष

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश नेपाल

२६. गाउँपालिका क्षेत्रभित्र कार्यक्षेत्र भएका सहकारी संस्थाको प्रभावकारी अनुगमन र नियमन गरी सहकारीको सिद्धान्त, मुल्य मान्यता, आदर्श बमोजिम संचालन हुने वातावरण तयार गरिनेछ। सहकारी संस्थाको सुधारको लागि व्यवस्थित अभिलेख प्रणाली लागु गर्ने, सहकारी सम्बन्धी तालिम, छलफल, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी सहकारीका गतिविधि चुस्त र दुरुस्त बनाउन पहल गरिनेछ। एउटै समुदायमा समान उद्देश्य लिई स्थापना भएका सहकारी संस्थाहरुलाई एकीकरण (मर्ज) गर्न पहल गरिने छ।

## ग) शिक्षा, युवा तथा खेलकुदसम्बन्धी नीति

२७. विद्यालय उमेर समूहका कुनै पनि बालबालिका नछुट्ने गरी (no child left behind) सघन विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन एवम् अभिभावकविहीन बालबालिकाको अभिभावकत्व ग्रहण गर्न आह्वान गरिनेछ। अपाङ्गता एवम् विशेष सिकाइ क्षमता भएका बालबालिकालाई प्रत्येक कार्यक्रममा प्राथमिकता दिइनेछ।

२८. विद्यालय छोड्ने दरमा कमी ल्याउन तथा स्वस्थ, सक्षम र सफल विद्यार्थी उत्पादन गर्न सामुदायिक विद्यालयहरुमा पोषणयुक्त आहारको व्यवस्था गरी कक्षा ५ सम्म सञ्चालनमा रहेको दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गरी निरन्तरता दिईनेछ। उक्त कार्यक्रमलाई क्रमश: कक्षा १० सम्म विस्तार गर्न पहल गरी सार्वजनिक विद्यालयलाई बालबालिकाहरुको आकर्षण केन्द्रका रुपमा विकास गरिनेछ।

२९. निःशुल्क तथा गुणस्तरीय शिक्षा (कक्षा १० सम्म) का लागि सामुदायिक विद्यालयहरूलाई सेवा करार र कार्यविधि बमोजिम शिक्षण सुधार अनुदान उपलब्ध गराइनेछ।

३०. राष्ट्रिय पाठ्यक्रम प्रारुप र विद्यालय शिक्षाको पाठ्यक्रम अनुसार आधारभूत तहको स्थानीय पाठ्यक्रम विकास गरिनेछ। आगामी वर्षहरूमा यसको कार्यान्वयनका लागि स्थानीय आवश्यकता र विषयवस्तुका आधारमा क्रमशः पाठ्यसामग्रीहरू र शिक्षक क्षमता विकास गरिनेछ।

३१. बालबालिकाको सर्वाङ्गीण विकासका लागि विद्यालयहरूमा नियमित अतिरिक्त क्रियाकलाप र खेलकुद आयोजना गरिने एवम् विद्यालयस्तरीय प्रतियोगिता सञ्चालन गरिनेछ।

३२. शिक्षण सिकाइ र मूल्याङ्कनलाई परिपूरकका रूपमा लिँदै आधारभूत शिक्षा परीक्षाको गुणस्तरमा सुधार गरी यसलाई मानकका रूपमा विकास गरिनेछ। साथै कक्षा १ देखि ९ सम्मको वार्षिक परीक्षाको प्रश्नपत्रमा एकरुपता ल्याउन गाउँपालिका अन्तरगतका विद्यालयहरुको लागि गाउँपालिकास्तरमा प्रश्नपत्र निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

३३. विद्यालय शिक्षामा बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रारम्भिक बालविकास केन्द्र र सामुदायिक एवम् संस्थागत विद्यालय समायोजन एवम् एकीकरण (school merging) कार्यक्रमलाई प्रोत्साहित गरिनेछ।

३४. साक्षर गाउँपालिका घोषणासँगै सामुदायिक अध्ययन केन्द्रमा (CLC) सुधार र सामुदायिक पुस्तकालय (e-library सहित) सञ्चालन कार्यलाई प्रोत्साहन गरिनेछ। यी संस्थाहरूमार्फत अनौपचारिक शिक्षा, आय आर्जनका कार्यक्रम सञ्चालन गर्दै साक्षरता र जीवनपर्यन्त शिक्षासमेत प्रवर्द्धन गरिनेछ।

३५. शैक्षिक कार्यक्रमहरूमा एकरुपता ल्याउन र गुणस्तर अभिवृद्धि गर्न नियमित प्र.अ. बैठक र शैक्षिक कार्यपात्रो निर्माण गरी कार्यान्वयन गरिनेछ।

३६. विद्यालय सुशासन (school governance) प्रवर्द्धन गर्न विद्यालय व्यवस्थापन समिति गठन, नेतृत्व क्षमता विकास तालिम र कार्यसम्पादन करार गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गरिनेछ।

३७. शिक्षक पेसागत विकासका लागि तह र विषयगत शिक्षक तालिम एवम् नियमित विषयगत शिक्षक गोष्ठी सञ्चालन गरिनेछ । शिक्षकहरूलाई शैक्षणिक योजना निर्माण गरी शैक्षिक सामग्री सहित शिक्षण गर्न नियमित सुपरिवेक्षण मार्फत विद्यालयमा नै प्राविधिक सहायता उपलब्ध गराइनेछ ।

३८. शैक्षिक गुणस्तर मापदण्डका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी र पदाधिकारीलाई सम्मान गरिनेछ ।

३९. शिक्षामा गुणस्तर कायम राख्न गन्यापधुरा नमुना विद्यालय कार्यक्रमलाई निरन्तरता दिइनेछ । थप नमुना विद्यालयहरू घोषणा गरी शैक्षिक गुणस्तरमा प्रतिस्पर्धी वातावरण सिर्जना गरिनेछ ।

४०. विद्यालय शिक्षालाई प्रतिस्पर्धी, प्राविधिक, व्यावसायिक, रोजगारोन्मुख र जीवनोपयोगी बनाउन प्राथमिकताका साथ लगानीमा वृद्धि गरिनेछ ।

४१. विद्यालय शिक्षा क्षेत्रको समग्र सुधार र विकासका लागि अल्पकालिन एवम् दीर्घकालिन सोचसहितको शिक्षा विकास गुरूयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

४२. यस गाउँपालिकामा खेलकुदका पूर्वाधारहरू विकास गर्दै क्रमशः खेलकुदमैत्री गाउँपालिकाको रूपमा विकास गरिनेछ । प्रत्येक वडामा कम्तीमा एउटा खेलकुद मैदान सहित गाउँपालिकामा सवै खेलकुद प्रतियोगिता सञ्चालन गर्न सक्ने एउटा खेलकुद मैदान निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

४३. खेलकुदमार्फत युवा तथा बालबालिकाहरूलाई स्वस्थ, अनुशासित, चरित्रवान् र सिर्जनशील बनाउँदै धूमपान, मद्यपान, लागूपदार्थ जस्ता दुर्व्यसनबाट टाढा रहन उत्प्रेरित गरिनेछ ।

४४. कोभिड १९ करोरोना भाइरसका कारण स्वदेश तथा विदेशबाट रोजगार गुमाएका व्यक्तिहरुका लागि छोटो अवधिका सीपमूलक तालिम सञ्चालन गरी उनीहरुलाई स्वदेशमै आय आर्जन गर्न सक्ने  जनशक्ति विकास गर्ने नीति लिईनेछ । साथै यस्ता तालिममार्फत बेरोजगार युवाहरूलाई उद्यमशील, रोजगार एवम् स्वरोजगार र आत्मनिर्भर बन्दै वृत्तिमार्ग पहिचान गर्न प्रोत्साहित गरिनेछ ।

४५. विद्यालयका शिक्षक तथा गाउँपालिकाका कर्मचारीहरूमा अनुसन्धान सिपको विकास गरी स्थलगत तथा कार्यमूलक अनुसन्धानका आधारमा शिक्षामा तथ्यपरक सुधारको थालनी गरिनेछ ।

४६. संस्थागत विद्यालयहरूलाई सेवामुखी बनाउन कार्यविधि बमोजिम नियमित अनुगमन, मूल्याङ्कन र नियमन गरी शैक्षिक गुणस्तर कायम गरिनेछ ।

४७. कोरोनाको सम्भावित जोखिम रहँदासम्म विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।

४८. सामाजिक दुरी कायम गरी विद्यालय सञ्चालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रबन्ध गरिनेछ ।

४९. शिक्षासम्बन्धी प्रावधानहरुलाई मूर्त रुप दिन **" गन्यापधुरा गाउँपालिकाको शिक्षा नीति,२०७७"** तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

**(घ) स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्बन्धी नीति**

५०. यस गाउँपालिकालाई पोषण मैत्री स्थानीय तह घोषणाका गर्न बहुक्षेत्रीय पोषण सेवा विस्तार कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल



मंगल बहादुर मल्ल
अध्यक्ष

५१. गुणंस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच हुने गरी आधारभुत स्वास्थ्य सेवालाई थप व्यवस्थित गरी यस्ता आधारभुत स्वास्थ्य दिने प्रत्येक वडाबाट नि:शुल्क सेवा उपलव्ध गराईनेछ।

५२. गुणस्तरीय तथा स्वास्थ्यवर्धक खाद्य पदार्थको प्रवर्द्धन र प्रयोग मार्फत कुपोषण न्युनीकरण जोड दिइनेछ।

५३. गाउँपालिकाभित्र सबैको पहुँच पुग्ने गरी मानसिक स्वास्थ्य सेवा र नि:शुल्क घुम्ती स्वास्थ्य शिविर (मधुमेह, उच्च रक्तचाप, मृगौला रोग, क्यान्सर, मुटुरोग, आङखस्ने आदि समस्याहरूको उपचार) आयोजना गरिनेछ। साथै यसै आ.व. देखि गाउँपालिकामा डेन्टल सेवा सुचारु गरिनेछ।

५४. स्वास्थ्य बिमा कार्यक्रमको पहुँच आम जनतासम्म पुर्याउने नीति अवलम्बन गरिनेछ।

५५. **"स्वस्थ तन स्वस्थ मन"** भन्ने नारालाई ध्यानमा राख्दै कुलत र सम्भावित जोखिमबाट बच्न किशोरावस्थाका विद्यार्थीहरूलाई सघन यौनिकता शिक्षा (comprehensive sexuality education) विषयमा अभिमुखीकरण गरिनेछ।

५६. स्वास्थ्य संस्थाहरूको भौतिक तथा जनशक्ति व्यवस्थापन सदृढीकरण गर्दै महिला स्वास्थ्य स्वयम् सेविका कार्यक्रममा सुधार, स्वास्थ्य संस्थाको सामाजिक परीक्षण लगायतका माध्यमबाट गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

५७. पूर्ण सरसफाइ र खुला दिशामुक्त क्षेत्रको अवधारणाअनुरूप बजार क्षेत्र एवम् सार्वजनिक स्थलमा सरसफाइयुक्त सार्वजनिक शौचालय निर्माण तथा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

५८. आयुर्वेद, प्राकृतिक चिकित्सा लगायतका वैकल्पिक स्वास्थ्य पद्धति, हर्बल पार्क, जडिबुटी तथा वनबाट औषधीको संम्भावना पहिचान गरी त्यस्ता जडिबुटीका लागि प्रशोधन केन्द्र स्थापना गर्न पहल गरिनेछ।

५९. कोरोना संक्रमणको जोखिम रहदाँसम्म अशक्त, असहाय एवम् आर्थिक रुपले विपन्न गर्भवती महिला, ज्येष्ठ नागरिक एवम् अपाङ्गता भएका व्यक्तिहरुलाई **राहतका कार्यक्रम सञ्चालन** गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

६०. स्वास्थ्यकर्मी तथा जनशक्तिलाई **स्वास्थ्य सुरक्षा सामग्री**को लागि आवश्यक व्यवस्था गरिनेछ।

६१. कोरोना संक्रमणको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई **क्वारेन्टाईनमा** राख्ने र संक्रमितहरुका लागि आईसोलेसन कक्षको निर्माण गरी थप उपचारको व्यवस्था गरिनेछ।

६२. **एम्बुलेन्स** सेवालाई चौबीसै घण्टा सञ्चालन हुने गरी तयारी हालतमा राखिनेछ।

६३. अस्पताल, स्वास्थ्य चौकी तथा स्वास्थ्य एकाइबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक **औषधी, उपकरण तथा स्वास्थ्य सामग्रीको** लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

६४. खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला **स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन** गर्न थप प्रोत्साहनको व्यवस्थाका साथै स्वयं सेविकाहरुको **गाउँपालिका स्तरीय सञ्जाल** गर्ने नीति अवलम्बन गरिनेछ। ६० वर्ष पुरा भएका तथा अन्य कारणले सेवा प्रदान गर्न कठिन भएका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई स-सम्मान विदाइ गर्दै लैजाने नीति अवलम्बन गरिनेछ। साथै **आमा समूहहरुसँग जनप्रतिनिधि** अन्तरक्रिया कार्यक्रमलाई जोड दिइनेछ।

६५. गर्भवती महिलालाई निःशुल्क घुम्ती अल्ट्रासाउन्ड सेवा दिईनेछ। पूर्ण गर्भवती जाँच एवम् पूर्ण संस्थागत सुत्केरी जस्ता अभियानलाई उपाध्यक्षज्युको संयोजकत्वमा लागु गरिने छ। यसका लागि महिला स्वास्थ्य स्वयं सेविका, स्वास्थ्यकर्मी तथा जनप्रतिनिधीहरु परिचालन गरिनेछ।

६६. यस गाउँपालिकाका केही टोल तथा वडालाई पूर्ण सरसफाई तथा पूर्ण पोषणयुक्त टोल वडा घोषणा गरिने कार्यक्रम ल्याईनेछ।



नवल बहादुर मल्ल
अध्यक्ष

६७. पूर्णखोप सुनिश्चितता वडा तथा गाउँपालिकाको अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्थाको हरेक वर्ष समिक्षा गरिनेछ । साथै गाउँपालिकामा खोप दिवस मनाई पूर्ण खोपको अवस्थालाई हरेक वर्ष सुनिश्चित रहेको घोषणा गरिनेछ ।

६८. स्वास्थ्य संस्थाको सरसफाइलाई विशेष जोड दिइने छ । गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको सरसफाइको नियमित अनुगमन गरी उत्कृष्ट सरसफाइ गर्ने संस्था तथा कार्यालय सहयोगीहरुलाई पुरस्कृत गरिने छ ।

६९. बर्थिङ सेन्टरहरुमा प्लासेन्टा पिट तथा फोहोर व्यवस्थापन गर्न खाडलहरुको निर्माण अनिवार्य गरिने छ । स्वास्थ्य संस्थाहरुमा तथा बर्थिङ सेन्टरहरुको औजार उपकरणको खरिद तथा व्यवस्थापनको लागि उचित बजेट व्यवस्थापन गरिने छ ।

७०. स्वच्छ खानेपानी वितरणका लागि हाल सञ्चालनमा रहेका, निमार्ण सम्पन्न भएका र निर्माणाधिन खानेपानी योजनाहरू एकीकृत गरी वितरण र व्यवस्थापन गरिनेछ ।

७१. खानेपानीका मुहानहरुको संरक्षण गर्न मुहानमा वृक्षारोपण गर्ने, वातावरणीय ह्रास हुन नदिने, पानीको मुहानहरुको संरक्षण बारे जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ङ) सुशासन र व्यवस्थापन सम्बन्धी नीति

७२. यस गाउँपालिका अन्तर्गतका निकायहरुको कार्य विवरण तथा अनुसन्धानमा आधारित सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण (Organization and Management survey) मार्फत सङ्गठन संरचना एवम् जनशक्ति प्रक्षेपण गर्दै यसैका आधारमा जनशक्ति माग तथा पूर्ति गरी कार्यान्वयन गरिनेछ ।

७३. सुशासन प्रवर्द्धनका लागि आवश्यकतामा आधारित जनप्रतिनिधि र कर्मचारीहरूलाई नीति निर्माण तथा कार्यालय व्यवस्थापन लगायतका विषयमा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७४. गाउँपालिका, वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरुमा क्रमश: ई हाजिर जडान गरी त्यसको प्रभावकारी अनुगमन गरी समयमा कार्यालयमा हाजिर नहुने, कार्यालय छोड्ने प्रवृत्तिको अन्त्य गरी जनतालाई समयमा सेवा सुविधा उपलब्ध गराउने वातावरण सृजना गरिनेछ । गाउँपालिकाको कामकारवाही नियमित रुपमा गाउँपालिकाको वेभसाईटमा अपडेट गरिनेछ ।

७५. यस गाउँपालिका मातहतका सबै निकायहरूमा इन्टरनेटको पहुँच सुनिश्चित गर्दै प्रविधिमैत्री विद्युतीय शासन (ICT Friendly E-Governance) र न्यून कागजी कार्यालय (Less Paper Office) का रूपमा विकास गरिनेछ ।

७६. गाउँपालिकाका मुख्य चोकहरूमा इन्टरनेट जडान गरी Free Wi - fi Zone स्थापनाको लागि सम्भाव्य स्थान पहिचान गरिनेछ ।

७७. सेवाग्राही, कर्मचारी र नागरिकको गुनासो सुनुवाईलाई प्राथमिकता दिंदै निःशुल्क वा टोल फ्रि फोन, इमेल, म्यासेज, मौखिक वा लिखित पत्र र निवेदन आदिबाट प्राप्त गुनासोहरू यथाशीघ्र व्यवस्थापन गरिनेछ ।

७८. नागरिकमैत्री सेवा प्रवाहको सुनिश्चितता, सुशासनको प्रत्याभूति एवम् तत्स्थान प्राविधिक सहजीकरणका लागि गाउँपालिका मातहतका निकाय र योजनाहरूको परिणाम तथा सूचकहरूमा आधारित निरन्तर अनुगमन तथा सुपरिवेक्षण गरी सोही प्रतिवेदनका आधारमा कमीकमजोरीहरू अविलम्ब सुधार गरिनेछ ।

७९. गाउँपालिकाबाट प्रवाह हुने सेवा कागजविहीन प्रणालीमा अघि बढाउन प्रशासन, योजना, लेखा, घर तथा जग्गा नक्शा, राजस्व, गैरसरकारी संस्था, व्यवसाय, व्यवस्थापन लगायतका अन्य क्षेत्रमा Software विकास गरी विद्युतीय प्रणालीबाट सेवा प्रवाहमा जोड दिइनेछ ।



नवल बहादुर मल्ल
अध्यक्ष

८०. गाउँपालिकाबाट कार्यान्वयन हुने योजना कार्यक्रमहरुमा वित्तीय जोखिम न्यूनीकरणका लागि निर्माण तथा खरिद प्रक्रियालाई बढी प्रतिस्पर्धात्मक बनाउन विगतदेखि प्रयोगमा ल्याइएको विद्युतीय वोल कवोल E-Bidding प्रणालीलाई निरन्तरता दिइनेछ ।

८१. लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग तथा प्रभावकारी सेवा प्रवाहका लागि आवश्यकता अनुसार अन्य स्थानीय तहहरूसँग साझेदारी, सम्झौता तथा संयुक्त व्यवस्थापनमा विकास निर्माणका कार्यहरूको थालनी गरिनेछ ।

८२. सबै पसलहरूमा मूल्य सूची अनिवार्य राख्न लगाउने तथा अधिकार सम्पन्न वडास्तरीय बजार अनुगमन समिति निर्माण गरी वडाभित्रका सम्पूर्ण क्रियाकलाप तथा बजार अनुगमनलाई निरन्तरता दिइने छ ।

८३. गाउँपालिका भित्रका जोखिमयुक्त स्थानहरूको पहिचान गरी सुरक्षा व्यवस्थालाई चुस्त दुरूस्त र प्रभावकारी बनाउने कार्यलाई अझ जोड दिइनेछ ।

८४. ***जनता नै जनार्दन*** भन्ने मूलमन्त्र आत्मसाथ गरी जनगुनासो तथा सार्वजनिक सुनवाई र सामाजिक परीक्षण गर्दै भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ ।

## च) सामाजिक विकाससम्बन्धी नीति

८५. सामाजिक न्याय र सामाजिक आर्थिक रूपान्तरणमा योगदान गर्न सक्ने गरी टोल विकास समितिहरूको गठन गरी क्षमता अभिवृद्धि गरिनेछ ।

८६. यस गाउँपालिकाको दूरदृष्टि बमोजिम वृहत्तर विकासका विभिन्न पक्षमा सहयोग गर्न इच्छुक राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई कार्यक्रममा दोहोरोपना नपर्ने गरी लगानी गर्न समन्वय र सहकार्य गर्ने नीति लिइनेछ ।

८७. आर्थिक सामाजिक रूपमा पछाडि परेका महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको बहुआयामिक सशक्तीकरण गर्ने कार्यमा जोड दिइनेछ ।

८८. लैङ्गिक हिंसा, बालविवाह, बहुविवाह, बालदुर्व्यहार, छाउपडी जस्ता सामाजिक कुप्रथाहरू प्राथमिकतासाथ रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा थप जोड दिइनेछ ।

८९. ज्येष्ठ नागरिकहरूप्रति सम्मान तथा आदर अभिवृद्धि गर्दै अन्तरपुस्ता सीप हस्तान्तरण गर्न प्रोत्साहित गरिनेछ । त्यसै गरी रोजगार गुमाएका युवाहरुलाई स्वदेशमै रोजगारको सृजना गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारको सूचीमा प्रवृष्टि गरी उनीहरुलाई कामका लागि प्राथमिकता दिइनेछ ।

९०. स्थानीय भाषा र सँस्कृतिको उत्थानका लागि अनुसन्धानमा आधारित दीर्घकालिन योजना तर्जुमा गरिनेछ ।

९१. मातृशिशु स्वास्थ्य सुधार, नियमित गर्भ जाँच र स्वास्थ्य सँस्थामा सुत्केरी हुन वा संस्थागत सुत्केरीलाई प्रोत्साहित गर्न **महिलासँग उपाध्यक्ष कार्यक्रम** सञ्चालन गरिनेछ ।

९२. बालममैत्री पूर्वाधारहरूको विकास गर्दै बालमैत्री स्थानीय शासनको अवधारणा अनुरुप स्थानीय तह तथा सरोकारवाला सबैको समन्वयमा असहाय बालबालिकाको संरक्षण गर्दै बालश्रममुक्त गन्यापधुरा गाउँपालिका बनाइनेछ ।

९३. लैङ्गिक विभेद, जातीय आधारमा हुने छुवाछुत, समान कामको लागि ज्यालामा हुने विभेदलाई निर्मुल गर्दै विभेदमुक्त गन्यापधुरा गाउँपालिका बनाइनेछ । अपाङ्गमैत्री संरचना विकासलाई अनिवार्य शर्तको रूपमा अङ्गीकार गर्दै अपाङ्गता परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

९४. योजना छनोट, विकास निर्माण, उपभोक्ता समिति गठन लगायतका सार्वजनिक स्थान र कार्यमा लाभग्राही सबै समुदाय र महिलाको अर्थपूर्ण सहभागिता गराइनेछ ।

नवल बहादुर मल्ल
अध्यक्ष

९५. गरीब, पिछडिएका वर्ग, द्वन्द्व पीडित, तेस्रो लिङ्गी, एच.आइ.भी. पीडित, सुकुम्बासी, हलिया, अनाथ बालबालिका लगायत आदिवासी, जनजाति, दलित र अपाङ्गता भएका सबै समुदायको प्रतिनिधित्वको सुनिश्चितता गर्दै लक्षित वर्गका लागि सामाजिक तथा आर्थिक उन्नतिका कार्यक्रमहरू सञ्चालन गरिनेछ । यस्ता वर्गहरुको उत्थान तथा राहतका लागि कामका लागि खाद्यान्न कार्यक्रम सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ ।

९६. यस गाउँपालिकाभित्र बसोबास गर्ने सबै समुदायले परम्परागत रूपमा मनाउँदै आएका गौरा, होली आदि चाडपर्व, धर्म संस्कृति एवम् मठ मन्दिर, सत्सङ्ग भवन आदि धार्मिक तथा ऐतिहासिक स्थलहरूको संरक्षण र सम्बर्धन गरिनेछ । पालिकाभित्र रहेका सम्पूर्ण देव देवालयहरुको लगत संकलन गरी तिनीहरुको संरक्षण, सम्वर्धन र प्रवर्धनमा महत्त्वपूर्ण योगदान दिने स्थानीय धामी, पुजारी तथा भण्डारेहरुलाई प्रोत्साहन गरिनेछ ।

९७. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सदृढीकरण गर्न सबै किसिमको भत्ताहरू बैंङ्कमार्फत मात्र वितरण गर्ने र यसका लागि सूचना व्यवस्थापन प्रणाली अवलम्बन गरिनेछ ।

**छ) सामाजिक न्यायसम्बन्धी नीति**

९८. नागरिकको न्यायमा सहज पहुँच बनाउने आधार मेलमिलापकर्ता भएकाले नियमानुसार उनीहरूको सिप तथा सक्रियता अभिवृद्धि गरिनेछ ।

९९. महिला हिंसा, सामाजिक विभेद र कुरीतिलाई न्यूनीकरण गर्न संगठित समूहहरू (आमा समूह, महिला सहकारी समूह, महिला कृषि समूह आदि) लाई सामाजिक न्याय, प्रतिनिधित्व र पहुँच विषयमा अभिमुखीकरण गरिनेछ ।

१००. विद्यालयमा अध्ययन गर्ने किशोर किशोरीहरू विभिन्न अनैतिक कार्य र कुलतमा लाग्ने सम्भावना न्यूनीकरण गर्न विद्यालय स्तरमा सामाजिक न्याय शिक्षा सञ्चालन गरिनेछ ।

१०१. यस गाउँपालिका र अन्य स्थानीय तहबीच न्याय सम्पादन, कार्यान्वयन, अनुभव र सिकाइ आदान प्रदान गरी न्यायिक प्रणाली प्रभावकारी बनाईनेछ ।

१०२. गन्यापधुरा गाउँपालिकामा विद्यमान सामाजिक भेदभाव, लैङ्गिक हिंसा र कुरीतिको स्थलगत अध्ययन गरी प्राप्त सुझावका आधारमा समाधान गरिनेछ ।

**ज) वन वातावरण, भू–संरक्षण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति**

१०३. गाउँपालिकाभित्र रहेका सबै सार्वजनिक जग्गाको लगत सङ्कलन गरी सूचीकृत र संरक्षण गरिनेछ ।

१०४. वन तथा भू–संरक्षण सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१०५. प्राकृतिक स्रोत साधनको सदुपयोग गर्दै विकास निर्माणका काम अघि बढाइने र बस्ती जोखिम नपर्ने गरी IEE गरेर मात्र प्राकृतिक स्रोत साधनको उपयोग गरिनेछ ।

१०६. प्राकृतिक स्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोगमा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्दै वन पैदावार लगायतका प्राकृतिक स्रोतहरूलाई राजश्वको मुख्य स्रोतको रुपमा लिइनेछ ।

१०७. सङ्कटापन्न अवस्थाका जडीबुटी तथा वन, वनस्पतीहरूको संरक्षण, जैविक विविधताका हिसाबले महत्त्वपूर्ण क्षेत्र (Biodiversity Hot Spot) को पहिचान तथा संरक्षण र जैविक विविधता अभिलेखीकरण गरिनेछ ।

१०८. अमुल्य जडिवुटीको खानी, प्राकृतिक श्रोतले भरिपूर्ण र लोपोन्मुख वन्यजन्तुहरुको वासस्थान तथा खानेपानीको मुल श्रोतको रुपमा रहेको महाभारत वन क्षेत्रलाई संरक्षण गर्न राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्र स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

१०९. जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न वार्षिक योजना तर्जुमा गर्दा सरोकारवालाहरुको संलग्नतामा विकास योजनालाई वातावरणमैत्री बनाउँदै लगिने छ । वन क्षेत्रको व्यवस्थापन तथा विस्तार गरी आगामी तीन वर्षभित्र गाउँपालिकालाई घरभित्रको धुवाँरहित गाउँपालिकाको रूपमा विकास गर्ने अभियानलाई विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको सहयोगमा थप कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११०. भू-क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१११. कटानको जोखिम रहेका नदीहरूमा जैविक तथा जालीदार तटवन्धका लागि गुरुयोजना बनाई नदी किनारमा वृक्षरोपण गरी कटान नियन्त्रण गरिनेछ ।

११२. जैविक वन घेरवारबाट वन फडानी, भू-क्षय तथा आगलागी नियन्त्रण, चोरी निकासी नियन्त्रण, छाडा चौपाया नियन्त्रण र खाली जमीनमा वृक्षरोपण गरिने छ । छाडा चौपाया तथा गाई संरक्षणको लागि महाभारत तथा गन्यापताल क्षेत्रमा गौशाला निर्माणमा जोड दिइनेछ ।

११३. सबै वडाहरुमा विपद् सुरक्षा युवा दस्ता गठन तथा विपद् प्रतिकार्य तालिम सञ्चालन गरी विपद् जोखिम न्यूनीकरण गर्न पहल गरिनेछ ।

११४. प्राकृतिक श्रोत र सम्पदाको समुचित सदुपयोग गर्दै दिनानुदिन मासिदै गएको वन क्षेत्रको दिगो विकास तथा संरक्षण गरी स्वच्छ हावा, स्वस्थ व्यक्ति र सभ्य समाज निर्माण अभियानमा जोड दिइने छ ।

११५. आगलागिबाट क्षति हुन नदिन अन्य स्थानीय तहसँग समन्वय गरी दमकल व्यवस्थापन गर्न पहल गरिनेछ ।

११६. वन तथा वातावरण संरक्षणका लागि गोबर ग्याँस तथा सौर्य उर्जा जस्ता वैकल्पिक उर्जा कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।

११७. प्राकृतिक प्रकोप तथा विपदमा परेकालाई ***तत्स्थान सहयोग*** (support on the spot) को कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस कार्यको लागि गाउँपालिकामा मापदण्ड बमोजिमको कम्तीमा **एउटा हेलिप्याड** निर्माण गरिनेछ ।

११८. कोरोना भाईरस जस्ता महामारी र प्राकृतिक विपत्ति लगायत आकस्मिक कार्यको लागि ***गन्यापधुरा विपद् व्यवस्थापन कोष*** खडा गरी उक्त कोषमा जम्मा रकम विपद् व्यवस्थापन तथा न्यूनीकरण कार्यमा खर्च गरिनेछ । आकस्मिक परिस्थितिको सामनाकोको लागि **गाउँपालिका र जनता सँगसँगै**को मुल सिद्धान्त बमोजिम काम गर्ने नीति लिईनेछ ।

११९. यस गाउँपालिका समेत विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ कोरोना भाईरसको कारण नराम्ररी प्रभावित भएकोले उक्त भाईरसको रोकथाम, नियन्त्रण र सचेतनाको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गरिनेछ । प्रत्येक वडामा क्वारेन्टाईन आइसोलेसनको व्यवस्था गरिनेछ ।

## झ) पर्यटन विकाससम्बन्धी नीति

१२०. यस क्षेत्र भित्रको प्राकृतिक रमणियताको भरपुर उपयोग गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्ने नीति अवलम्बन गरिनेछ । पर्यटकीय तथा धार्मिक क्षेत्र गन्यापताललाई मिनि खप्तड क्षेत्रको रुपमा विकास गर्न यसै आर्थिक वर्ष भित्र विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरी कार्यक्रम अगाडि बढाईने छ ।

१२१. यस क्षेत्रको जनताको आस्थाको केन्द्रविन्दुको रुपमा रहेको गन्याप, घण्टेश्वर, नाडरीताल, भागेश्वर, असिग्राम, भुमिदेउली, मष्टामाण्डौ, कैलपालमाण्डौ, चौकाभगवती लगायत पवित्र धार्मिक स्थलहरुको विकास एवम् संरक्षणमा



नवल बहादुर मल्ल
अध्यक्ष

निरन्तरता दिईनेछ । स्थानीय परम्परा, चाडवाड, जातपर्वहरुलाई प्रचार प्रसार गरी सुरक्षित, सभ्य र व्यवस्थित बनाई थप प्रवर्धन गरिनेछ ।

१२२. गाउँपालिकाभित्र वातावरण एवम् पर्यटकमैत्री नमुना बस्ती विकास गर्दै घरबास (home-stay) वा पाहुना घर निर्माण गरी आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न प्रोत्साहन गरिनेछ ।

१२३. गाउँपालिकाभित्र पर्यटकीय गतिविधि बढाउन सार्वजनिक निजी साझेदारीमा वातावरणमा प्रतिकुल असर नपर्ने गरी प्राकृतिक सौन्दर्यता र स्वच्छता कायम राख्दै पर्यटकीय क्षेत्रहरूमा होटल, लज, रिसोर्ट आदि खोल्न र नियमानुसार सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

१२४. गाउँपालिकामा पर्यटकीय गतिविधि प्रवर्धन र नियमन गर्न कानुन बमोजिम एक उच्चस्तरीय **गन्यापधुरा पर्यटन परिषद्** गठन गरिनेछ ।

**ञ) विद्युत/उर्जा सम्बन्धी नीति**

१२५. विद्युत लाईन विस्तार नभएका सबै बस्ती तथा टोलहरूमा विद्युतीकरणको व्यवस्था गरिनेछ ।

१२६. नवीकरणीय उर्जाको प्रयोग तथा खपत गर्न प्रोत्साहन गरिनेछ ।

**ट) राजस्व तथा आर्थिक नीति**

१२७. गाउँपालिकाको स्वामित्व र क्षेत्राधिकारका करका क्षेत्रहरूमा करको दायरा बढाउने र कर छलीको प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

१२८. बेरोजगारी न्यूनीकरण गर्न सामुहिक व्यावसायिक खेती वा पशुपन्छी पालन गर्ने कृषक समूहलाई व्यावसायिक कर छुट दिई कृषिजन्य उत्पादन वृद्धि गर्न प्रोत्साहन गरिनेछ ।

१२९. हाल सञ्चालनमा रहेका उद्योग व्यावसायलाई करको दायरामा ल्याउन र व्यवसाय दर्ता गर्न प्रोत्साहित गर्दै व्यवसाय तोकिएको समयावधिमा दर्ता गर्न आउने व्यवसायको दर्ता शुल्कमा ५० प्रतिशत छुटको व्यवस्था गरिनेछ ।

१३०. पदाधिकारी तथा कर्मचारीहरुका सेवा सुविधा, प्रशासनिक र विविध खर्चमा मितव्ययीता अपनाई अनावश्यक खर्च कटौति गरिनेछ ।

१३१. स्थानीय कच्चा पदार्थमा आधारित **लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन** गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेट व्यवस्था ।

अन्त्यमा कुनै पनि काम गर्न कुनै एक्लो व्यक्ति वा संस्थाको प्रयास मात्र पर्याप्त हुदैन यसको लागि सरोकारवाला सवैको सहयोग, साथ र समन्वयको आवश्यकता पर्दछ । गन्यापधुरा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमलाई मुर्तरुप दिन यस क्षेत्रवाट निर्वाचित सम्पूर्ण जनप्रतिनिधिज्युहरु, कर्मचारी वर्ग, बुद्धिजिवी, समाजसेवी, नागरिक समाज, पत्रकार तथा आम गन्यापधुरावासी दाजुभाई दिदी बहिनीहरुको सहयोग र साथ रहने अपेक्षा गर्दै र मलाई यस सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिनु भएकोमा सभाध्यक्षलाई धन्यवाद दिदै बिदा हुन्छु । धन्यवाद !!!

नवल बहादुर मल्ल
अध्यक्ष

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## गन्यापधुरा गाउँपालिकाको नवौ गाउँसभामा उपस्थित गाउँसभा सदस्यहरुको नामावली

| क्र स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री नवल बहादुर मल्ल | अध्यक्ष | |
| २ | श्री कमला देवी ठगुन्ना | उपाध्यक्ष | |
| ३ | श्री चेतराम भट्ट | वडा अध्यक्ष | |
| ४ | श्री ईन्द्र बहादुर कार्की | वडा अध्यक्ष | |
| ५ | श्री चक्र बहादुर देउवा | वडा अध्यक्ष | |
| ६ | श्री चेतराज भट्ट | वडा अध्यक्ष | |
| ७ | श्री धर्मराज पडाल | वडा अध्यक्ष | |
| ८ | श्री कौशिला देउबा | सदस्य | |
| ९ | श्री देवकी देवी कामी | सदस्य | |
| १० | श्री महेश्वरी मल्ल | सदस्य | |
| ११ | श्री धर्मा कुमारी देउवा | सदस्य | |
| १२ | श्री प्रकाश बहादुर कामी मिजार | सदस्य | |
| १३ | श्री टीका टमटा | सदस्य | |
| १४ | श्री हरी बहादुर देउबा | सदस्य | |
| १५ | श्री बहादुर सिं रावल | सदस्य | |
| १६ | श्री हर्क वहादुर देउबा | सदस्य | |
| १७ | श्री हिरा दमाई | सदस्य | |
| १८ | श्री पुरन भुलसार्की | सदस्य | |
| १९ | श्री बहादुर बोहरा | सदस्य | |
| २० | श्री प्रमिला देवी भुल | सदस्य | |
| २१ | श्री कृष्णा देवी दमाई | सदस्य | |
| २२ | श्री अहिल्या कुंवर पधान | सदस्य | |
| २३ | श्री नरजित भुल | सदस्य | |
| २४ | श्री विर बहादुर भुलसार्की | सदस्य | |
| २५ | श्री प्रेम बहादुर साँउद | सदस्य | |
| २६ | श्री शिवराम टमोटा | सदस्य | |
| २७ | श्री भागा देवी फुलारा | सदस्य | |
| २८ | श्री गंगा देवी लुहार | सदस्य | |